चामुण्डाविन्द्रासैनीनगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जम्बुकाँध ,दैलेख
कर्णाली प्रदेश ,नेपाल

पत्र संख्या :०७५/०७६
चलानीनम्बरः ९८६

मिति : २०७५।११।०१

**विषयःवोलपत्र आव्हान गरिएको सूचना ।**

प्रथम पटक प्रकाशित भएको मिति २०७५।११।०१

यस चामुण्डाविन्द्रासैनी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय ,जम्बुकाँध दैलेखले आर्थिक वर्ष २०७५।७६ को कार्यक्रमअनुसार यस नगरपालिकाको **कर्णाली विन्द्रासैनी लिफ्टीङ खानेपानी संचालन** कार्यक्रम भएकोले सम्बन्धित कामका कार्य अनुभव भएका योग्य ईच्छुक, फर्म, संस्था वा कम्पनीहरुवाट देहाय वमोजिमको विवरण उल्लेख गरि यो वोलपत्रको सूचना आव्हान गरिन्छ ।

**तपसिल**

१) सिलवन्दी वोलपत्र फाराम पाईने स्थान र दस्तुर : चामुण्डाविन्द्रासैनी नगरपालिकाको कार्यालय, जम्बुकाँध दैलेख, दस्तुर रु ३०००।०० यस कार्यालयको नेपाल एस वि आइ वैक चामुण्डा शाखाको खाता नं ४१२१५२४१२०७००१ मा जम्मा गरेको सक्कल वैक भौचर भरी वा यस कार्यालयको राजस्व शाखामा नगद रसिद बुझाए पछि उपलब्ध गराइने छ ।

२) सिलवन्दी वोलपत्रको सायमा कवोल अंकको २.५ प्रतिशतले हुने जमानत वापत धरौटी रकम नेपाल एसविआई वैक ,शाखा कार्यालय चामुण्डा स्थित यस चामुण्डाविन्द्रासैनी नगरपालिका जम्बुकाँध दैलेखको धरौटी खाता नम्बर नं: **४१२१५२४१२०७००२** मा जम्मा गरेको सक्कल वैक भौचर वा सो रकम वरावरको मान्यताप्राप्त क वर्गको वाणिज्य वैकवाट यस कार्यालयको नाममाजारी गरिएको कम्तिमा १२० दिनसम्मको मान्यभएको निशर्त जमानत पेश गर्नु पर्नेछ ।

३) यो सूचना सार्वजनिक भएको मिति **२०७५।११।३०** गते सम्म वोलपत्रफाराम सम्वन्धित निर्माण व्यवसायी वा अख्तियार प्राप्त प्रतिनिधिले नविकरण गरेको निर्माण व्यवसाय दर्ताको प्रमाणित इजाजत पत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्यअभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखानम्वर (PAN) प्रमाणित प्रमाण पत्र, आर्थिक वर्ष ०७४।७५ सम्मको कर चुक्ता प्रमाणपत्र वा म्याद थपको पत्र सहितआ.व.०७४।७५ को कर चुक्ता प्रमाणपत्र पेश गरे पछि सिलवन्दीवोलपत्र फाराम यस कार्यालयवाट उपलब्ध गराईनेछ ।

४) खरिद गरिएका दरभाउपत्र फारमहरुको महलहरुमा अंक र अक्षरमा (केरमेट नगरिटिपेक्स नलगाई केरमेट गर्नु परेमा सहीछापगरि) स्पष्ट रुपमा भरि प्रत्येक पानामा सहिछाप गरि लाहा सिलवन्दी गरिएको दरभाउपत्र यस चामुण्डाविन्द्रासैनी नगरपालिकाको कार्यालय जम्बुकाँध, दैलेखमा मिति **२०७५।१२।०१** गते दिनको दिउँसो १२:०० वजेभित्र बुझाउनु पर्नेछ ।

५) तोकिएको समय भित्र पेश भएका सिलवन्दी वोपत्रहरु वोलपत्र दाता वा निजहरुको प्रतिनिधि तथा कार्यालय प्रतिनिधिहरुको रोहवरमा मिति **२०७५।१२।०१** गते दिनको २:०० वजे खोलिनेछ । वोलपत्र दाता वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि सिलवन्दी वोलपत्र खोल्न कुनै वाधा पर्नेछैन ।

६) सिलवन्दी वोलपत्र खरिद गर्ने,पेश गर्ने र खोल्ने दिन सार्वजनिकविदा परेमा सोको भोलिपल्ट सम्म कायमहुनेछ ।

७) सिलवन्दी वोलपत्र पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वाअस्वीकार गर्ने वा रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई हुनेछ ।

८) यस सूचनामा उल्लेख नगरिएका विषयहरु प्रचलित ऐन तथा नियम वमोजिम हुनेछ ।

९) सिलवन्दीवोल पत्रको कामको विवरण निम्नानुसार उल्लेख गरिएकोछ ।

१०) यसमा उल्लेखित नगरिएका विषयहरु प्रचलित कानुन अनुसार हुनेछ ।

| ठेक्का नम्वर | कामको विवरण | लागत रकम (भ्याट वाहेक) | धरौटी जमानत रकम रु | फाराम दस्तुर |
|---|---|---|---|---|
| ०७५।७६ | कर्णाली विन्द्रासैनी लिफ्टी खानेपानी संचालन | रु ४,२०३,५३१।८२ | कवोल अंकको २.५% | रु ३०००।०० |

बाबुराम नेपाली
नि. प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner